नेपाल सरकार

भूमिसुधार तथा व्यवस्था मन्त्रालय

# भूमिसुधार तथा व्यवस्थापन विभागको

## लिलाम विक्रीको शिलवन्दी वोलपत्र आव्हानको सूचना

## (सूचना प्रकाशित मिति २०७४/०४/०६)

यस विभागको जिन्सी शाखामा रहेको पुराना जिन्सी मालसामानहरु लिलाम गर्ने प्रयोजनको लागी गठित मूल्याङ्कन समितिले निर्धारण गरेको मूल्य अनुसार सामानहरु जे जस्तो अवस्थामा छन् । सोही अवस्थामा लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक इजाजत प्राप्त व्यक्ति/फर्मले निम्न शर्तको अधिनमा रही रितपूर्वकको शिलवन्दी वोलपत्र फाराम भरी यस विभागमा पेश गर्नु हुन जानकारी गराईन्छ ।

(१) यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र कार्यालय समय भित्र वोलपत्र फाराम खरिद गर्न सकिनेछ ।

(२) खरिद गरिएका फाराम भरि बाइसौं दिन अपरान्ह १२:०० बजे सम्म दाखिला गरि सक्नु पर्नेछ ।

(३) दाखिला हुन आएका वोलपत्रहरु सोही दिन अपरान्ह १:०० बजे यस विभागमा खोलिने छ ।

(४) वोलपत्र दाखिला हुने अन्तिम मितिमा सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट दाखिला गर्न सकिनेछ ।

(५) जिन्सी मालसामानको वोलपत्र फाराम दस्तुर रु.१,०००।- (फिर्ता नहुने) तिरी यस विभागको जिन्सी शाखा बाट खरिद गर्न सकिनेछ ।

(६) सिलबन्दी वोलपत्र फाराम पेश गर्दा आफुले कबुल गरेको रकमको १०% ले हुन आउने रकम को.ले.नि.का.को ने.रा.बैंक थापाथलीमा रहेको धरौटी हि.नं.१३१४१४/०७५ (कार्यालय कोर्ड नं.२७-३३६-०४ ) बराबरको वाणिज्य बैंक बाट जारी भएको बैंक जमानत वा मा जम्मा गरेको सक्कल बैंक भौचर पेश गर्नुपर्ने छ ।

(७) लिलाम बिक्री गरिने सामानहरुको विस्तृत विवरण वोलपत्र फाराममा उल्लेख गरिएको छ ।

(८) लिलाम गरिने सामानहरु हेर्न चाहेमा कार्यालय समय भित्र यस विभागको जिन्सी शाखामा सम्पर्क गरी हेर्न सकिनेछ ।

(९) दाखिला हुन आएका शिलबन्दी वोलपत्र फारामहरु स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस विभागमा रहने छ ।

(१०) वोलपत्र स्वीकृती भएको सूचना पाएको मितिले ७(सात) दिन भित्र वोलपत्रमा उल्लेख भएका सामानहरु वोलपत्रदाताले कार्यालयबाट लगि सक्नु पर्नेछ ।

(११) अन्य कुराहरु प्रचलित ऐन, नियम वमोजिम हुनेछ ।